## आकाशवाणी खरसाङ, प्रादेशिक समाचारः नेपाली

मितिः १३ सितम्बर २०२४

समयः १८:५० – १९:०० बजे

**प्रमुख समाचार**

१. कोलकत्ता उच्च न्यायालयले राज्य सरकारलाई उत्तर बंगालका तीन नगरपालिकाहरु क्रमैले कालेबुंगए खर्साङ अनि मिरिक नगरपालिकामा चुनाव चाडो गराउने निर्णय लिने आदेश दिएको छद्य

२. दार्जिलिङको वर्तमान लोकसभा संसदीय सिट पहाड़का तीनवटा नेपाली भाषी क्षेत्रहरुहरू र डुवर्सककेही भागलाई लिएर बनिनुपर्छ पुर्व सांसद एव क्रामाकपाको वर्तमान मुख्य सल्लाहकार आरबी राईले बताउनु भएको छद्य

३. प्राथमिक शिक्षा घटेर जानुको मुख्य कारण नानीहरू सरकारी स्कूलमा पढाउनु हुँदैन भन्ने सोचले होए त्यस सोचलाई विस्तारै परिवर्तन गर्नुपर्छ भनी अनित थापाले बताउनु भएको छ द्य

४. आरजी कर अस्पतालको घटनापछि पश्चिम बंगालका राज्यपाल सीवी आनन्द बोसले मुख्यमन्त्री ममता ब्यानर्जीको सामाजिक बहिष्कार गर्ने घोषणा गर्नु भएको छ।

५. आरजी कर मेडिकल कलेज एवं अस्पतालमा प्रशिक्षु महिला डाक्टरसित दुष्कर्म एवं हत्याको विरोधमा जूनियर डाक्टरहरूको धरना आज पनि जारी छद्य

**नगरपालिका चुनाव कोर्टको आदेश**

कोलकत्ता उच्च न्यायालयले हिज राज्य सरकारलाई उत्तर बंगालका तीन नगरपालिकाहरु क्रमैले कालेबुंगए खर्साङ अनि मिरिक नगरपालिकामा चुनाव चाडो गराउने निर्णय लिने आदेश दिएको छद्य मुख्य न्यायाधीश टि एस शिवगणनम अनि न्यायाधीश हिरण्यम भट्टचार्यको खण्डपिठले नगरपालिका वा शहरी बिकाश बिभागका प्रधानलाई ६ हप्ताभित्र चुनाव सम्बन्धि निर्णय लिने निर्देश जारी गरेको छद्य पहाडका यी नगरपालिकाहरुमा १४ मई २०१७ मा अन्तिम चुनाव भएको थियो जसको कार्यकाल अप्रेल २०२२ मा समाप्त भईसकेको छद्य तर हालसम्म राज्य सरकारद्वारा नियुक्त प्रशासकले यी नगरपालिकाहरुमा नियन्त्रण बनाई राखेका छन्द्य यसो हुँदा जनता आधारभूत सुबिधा अनि सहुलियतदेखि बन्चित बनेको तथा प्रशासनिक कार्यमा समस्या आएको भन्दै खर्संग निवासी उर्गेन लामाले एक जनहित याचिका दायर गरेका थिएद्य जसको सुनुवाई गर्दै उच्च अदालतले राज्य सरकारले सुप्रिम कोर्टको फैसला अनि पश्चिम बंगाल नगरपालिका अधिनियम अनुसार चुनाव घोसना गरिनु पर्ने टिप्पणी दिएको होद्य जी टि ए क्षेत्रको चार नगरपालिका मध्ये दार्जीलिंग नगरपालिका चुनाव २०२२ मा नै सम्पन्न भइसकेको छ भने बाकी तीन नगरपालिकामा पनि चुनाव गराउन यहाँका राजनीतिक दलए नागरिक समाजहरुले मांग गर्दै आएको छद्य

****** ० ******

**आरबी राई क्रामाकपा**

पुन:सीमाङ्कन १०.१० वर्षमा हुने कुरा हो र यस विषयमा क्रामाकपाले पनि सोचेको छ। यसको लागि कमिटी पनि बनिएको छ। दार्जिलिङको वर्तमान लोकसभा संसदीय सिट पहाड़का नेपाली भाषीहरूलाई लिएर मात्र बनिनुपर्छ भन्ने टेक छ। हाम्रो आफ्नै एकजना सांसद पहाडको तीनवटा क्षेत्रहरु र दुवार्सका केहि भागहरु मिल्येरा हुनुपर्छ भनी पुर्व सांसद एव क्रामाकपाको वर्तमान मुख्य सल्लाहकार आरबी राईले बतानु भएको छ। उहाँले पुन:सीमाङ्कन हुँदा जनसंख्याको आधारमा पनि कतिजना विधायकहरू र सांसद हुन्छ त्यो छुट्टाइन्छ भनि बताउनु भएको छ।
उहाँले भन्नु भयोए क्रामाकपाको मुख्य मुद्दा भनेको गोर्खाल्याण्डको लागि संगठित बनेर गैर साम्प्रदायिक र अहिंसात्मक आन्दोलन चलाउनु पर्छ भन्ने हो।
उहाँले साथीहरू गोर्खाल्याण्ड हुनु हुँदैन भन्ने राज्यको तृणमूल सरकारसित मिल्न पुगेको बताउँदै भाजपाले पनि आफ्नो चुनाउ घोषणा

पत्र अनुसार कार्य गर्न नसकेको बताउनु भयो।

****** ० ******

**अनित थापा सोनादा**

प्राथमिक शिक्षा किन कमजोर भयो भनेर तल जरासम्म हेर्दा प्राथमिक शिक्षक शिक्षिकाहरूलाई साँची नै गाह्रो रहेछए किनभने हाम्रा अभिभावकहरूले प्राथमिक पाठशालामा नानीहरूलाई पढाउन छोडिसके। उक्त कुरा आज सोनादामा सम्पन्न शिक्षक सम्मान समारोहमा प्रमुख अतिथिको रूपमा उपस्थित जीटीए प्रमुख कार्यपाल अनित थापाले भन्नु भएको छ। उहाँले सोनादामा आयोजित शिक्षक सम्मान समारोहमा मुख्य अतिथिको रुपमा बोल्नु हुँदै प्राथमिक शिक्षा घटेर जानुको मुख्य कारण हाम्रो आफ्नै सोचले गर्दा होए  किनभने हाम्रा नानीहरू सरकारी स्कूलमा पढाउनु हुँदैन भन्ने सोच छ र त्यस सोचलाई विस्तारै परिवर्तन गर्नुपर्छ भनी बताउनु भयो। आफ्नो सम्बोधनमा अनित थापाले भन्नु भयोए  हाम्रो स्कूल राम्रो बनाउन हामीले नै राम्रो कर्म गर्नुपर्छ। यो काम चुनौतीपूर्ण बनेको छ। किनभने पुरानो समयमा एउटा परिवारमा धेरै नानीहरू हुन्थेए  तर अहिले परिवारमा एकैजना मात्र हुन्छ र हाम्रो जनसंख्या घटेर जाँदैछ। श्री अनित थापाले अझ भन्नु भन्नु भयोए हामीले हाम्रो भाषा र जातिको कुरा गर्छौंए  तर हाम्रो भाषा बोल्ने जातिको संख्या नभएपछि कसरी हुन्छ। जातिको संख्या यसरी नै घट्दै गएको खण्डमा स्कूल मात्रै होइनए  तर जाति नै डाइनोसर जस्तै हराएर जानेछ।

****** ० ******

**शिक्षक सम्मान समारोह सोनादा**

हिल तराई प्राथमिक शिक्षक संगठनए  सोनादा क्षेत्र पे व्याण्ड शिक्षक संगठन र प्यारा शिक्षक संगठनए  सोनादा क्षेत्रको संयुक्त आयोजनामा सोनादामा शिक्षक सम्मान एवं अभिनन्दन समारोह सम्पन्न भयो। सोनादाको न्यु लाइट क्लब भवनमा सम्पन्न उक्त कार्यक्रममा सभाध्यक्षको रूपमा पूर्व वरिष्ठ शिक्षक एवं समाजसेवी देवकुमार प्रधान अनि प्रमुख अतिथिको रुपमा गोर्खाल्याण्ड क्षेत्रीय प्रशासनका प्रमुख कार्यपाल अनित थापा उपस्थित हुनुहन्थ्यो। श्री सुरेन छेत्री र चन्दन लकान्द्रीले सञ्चालन गरेको कार्यक्रममा स्वागत सम्भाषण श्री किरण बरदेवाले राख्नु भएको थियो। यसै कार्यक्रममा अवकाशप्राप्त प्राथमिक शिक्षक अनि अवकाशप्राप्त प्यारा शिक्षकलाई सम्बर्द्धना जनाइयो भने निधन भएका दुईजना शिक्षकलाई मरोणापान्त सम्मान जनाइयो। कार्यक्रममा स्वागत नृत्य शिक्षिका सजिना सिंहले प्रस्तुत गर्नु भयो। कार्यक्रमको औचित्य विषयमा स्कूल बोर्ड सदस्य किरण बरदेवाले प्रकाश पारे। कार्यक्रममा शिक्षक शिक्षिकाहरूले कविता वाचनए  गीतए  नृत्य प्रस्तुत गरेका थिए।

****** ० ******

**राज्यपाल सीवी आनन्द बोस**

आरजी कर अस्पतालको घटनापछि पश्चिम बंगालका राज्यपाल सीवी आनन्द बोसले मुख्यमन्त्री ममता ब्यानर्जीको सामाजिक बहिष्कार गर्ने घोषणा गर्नु भएको छ। राज्यपालले हिजो साँझ एउटा भिडियो सन्देशमा अबदेखि मुख्यमन्त्रीसँग कुनै पनि सार्वजनिक वा सरकारी मञ्चमा सामेल नहुने घोषणा गर्नु भएको छ। उहाँले ममता ब्यानर्जीको नाम नलिई श्लेडी म्याकबेथश  को संज्ञा दिएर व्यङ्ग्य गर्नु भयो। राज्यपालले भन्नु भयोए  श्एक राज्यपालको रूपमा म आंख बन्द गरेर बस्न सक्दिन। बंगालका जनताको साथमा उभिएर मैले मुख्यमन्त्रीको सामाजिक बहिष्कार गर्ने निर्णय लिएको छु। यदि कुनै पनि सरकारी कार्यक्रममा मुख्यमन्त्री उपस्थित हुनेछिन् भने म त्यहाँ जाने छुइन।श

****** ० ******

**डाक्टरहरूको धरना जारी**

आरजी कर मेडिकल कलेज एवं अस्पतालमा प्रशिक्षु महिला डाक्टरसित दुष्कर्म एवं हत्याको विरोधमा जूनियर डाक्टरहरूको धरना आज पनि जारी रह्यो। राज्य सरकारसित बिहिवार प्रस्तावित वार्ता शुरू हुन अगावै समाप्त भएपछि अब हड़ताल गरिरहेका डाक्टरहरूले ई-मेल पठाएर राष्ट्रपति द्रौपदी मुर्मूसित हस्तक्षेप गर्ने माग गरेका छन्। उनीहरूले उप राष्ट्रपति जगदीप धनखड़ए

प्रधानमन्त्री नरेन्द्र मोदी र स्वास्थ्य मन्त्री जेपी नड्डालाई पनि यस ई-मेलको प्रति पठाएका छन्। यद्यपिए राष्ट्रपति भवनबाट अहिलेसम्म कुनै जवाफ आएको छैन।
जूनियर डाक्टरहरूले भारी वर्षाबीच स्वास्थ्य भवन सामू आफ्नो विरोध प्रदर्शन जारी राखे। डाक्टरहरूले आफै तिरपाल समाएर पानीबाट जोगिँदै 'हामीलाई न्याय चाहियो' को नारा लगाए। धेरै डाक्टरहरूले रेनकोट लगाएर पनि विरोध जारी राखे। यिनीहरूको समर्थनमा केही सीनियर डाक्टरहरू पनि छन् र जनसाधारण पनि सामेल भए। वरिपरिको ब्यारिकेडिङ गरी पुलिस पनि डटेको थियो।

****** ० ******

## सिभिक भोलन्टियर बाइक

कोलकाता पुलिसले आरजी कर मेडिकल कलेजकी महिला चिकित्सकको बलात्कार औ हत्याको मामिलाको जाँच अवधि एकजना सिभिक भोलन्टियरलाई पक्राउ गरिएको छ। हाई कोर्टको निर्देशमा अब यस मामिलाको जाँच सीबीआईले गरिरहेको छ। यस घटनासित सम्बन्धित सिभिक भोलन्टियरलाई पुलिसको बाइक प्रयोग गर्ने अनुमति कसरी प्राप्त भयोए यसलाई लिएर प्रश्न उठिरहेको छ। लाल बजारले यस मामिलामा दुईजना पुलिस अधिकारीहरूविरूद्ध विभागीय जाँच शुरू भएको छ। सिभिक भोलन्टियरलाई सरकारी बाइक प्रयोग गर्ने अनुमति दिएको आरोपमा एएसआई अनुप दत्ताविरूद्ध जाँच भइरहेको छ।

****** ० ******

## शाह.राजभाषा सम्मेलन

केन्द्रीय गृह मन्त्री अमित शाहले भोलि नयाँ दिल्लीमा राजभाषा हीरक जयन्ती समारोह अनि चौथो अखिल भारतीय राजभाषा सम्मेलनको उद्घाटन सत्रलाई सम्बोधन गर्नुहुनेछ। राजभाषा विभागले हिन्दीलाई राजभाषा बनाएको ७५ वर्ष पुरा भएको उपलक्ष्यमा यस सम्मेलनको आयोजन गरिरहेको छ। भोलि हिन्दी दिवसको अवसरमा श्री शाहले राजभाषा भारती पत्रिकाको हीरक जयन्ती विशेषाङ्कको विमोचन पनि गर्नुहुनेछ साथै राजभाषा गौरव अनि राजभाषा कीर्ति पुरस्कार पनि प्रदान गर्नुहुनेछ।

****** ० ******

## श्री विजया पुरम

सरकारले अन्डमान निकोबार द्वीप समूहमा पोर्ट ब्लेयरको नाम परिवर्तन गरी श्री विजया पुरम बनाउने निर्णय लिएको छ। केन्द्रीय गृहमन्त्री अमित शाहले एक सोशल मीडिया पोस्टमा सरकारले देशलाई औपनिवेशिक प्रतीकहरूबाट मुक्त गर्ने निर्णय लिएको बताउनुभएको छ। श्री विजया पुरम भारतको स्वतंत्रता संग्राममा हासिल गरिएको जीतको प्रतीक हो। उहाँले भन्नुभएको छ अंडमान अनि निकोबार द्वीप समूहको देशको स्वतंत्रता संग्राम अनि इतिहासमा अद्वितीय स्थान छ।

****** ० ******

## पोस्टरिङ छैटौं अनुसूची

पिपल्स फोरमले छैटौं अनुसूचीको मुद्दालाई समर्थन गर्दै दार्जिलिङ शहरमा पोस्टरिङ गरेको छ। पिपल्स फोरमका भानु लामाको नेतृत्वमा उक्त पोस्टरिङ गरिएको जानकारी पिपल्स फोरमको पक्षमा ग्याम्सो शेर्पाले जानकारी दिनु बएको छ। अर्कोतिर हिजोदेखि छैटौं अनुसूचीको समर्थनमा शुरु गरिएको पोस्टरिङ पहाड़लगायत तराई डुवर्स क्षेत्रमा महिना दिनसम्म निरन्तर रूपमा अघि बढ़ाउने दावा लेप्चाले मिडियालाई जानकारी दिनु भएको छ।

****** ० ******

## राष्टिय पोषण माह पालन

खरसाङ खण्ड अन्तर्गत सन्त मेरिज तीन ग्राम पञ्चायतको दुधेस्थित तरुवा आगनबाडी केन्द्रमा खरसाड आईसीडीएस प्रोजेक्टद्वारा पोषण माह पालन गरियो। दुधे क्षेत्रको ६ वटा केन्द्र साथै चौतिस आगनबाडी केन्द्रको संयुक्त तत्वावधानमा कार्यक्रम पालन गरिएको हो। आजको कार्यक्रममा क्षेत्रीय सुपरभाइजर अञ्जु लामाए दुधे सुस्वास्थ्य केन्दकी एएनएम प्रमिला छेत्रीए पञ्चायत समिति सदस्य चन्द्र प्रसाद शर्माए पञ्चायत सदस्य धनप्रसाद तामाङए आशा कर्मीहरुए आईसीडीएस कर्मी सहकर्मीहरु तथा गर्भवतीए प्रसुती आमा तथा नानीहरुको उपस्थिति थियो। राष्ट्रिय पोषण माह हरेक साल १ सेप्टेम्बर देखि ३० सेप्टेम्बरसम्म मनाइन्छ। राष्टिय पोषण माह पालन गरिनुको मुख्य उद्देश्य समाज तथा राष्ट्रलाई कुपोषण मुक्त बनाउनु हो। आगनबाडी कर्मी मन्ती

सुनारले सञ्चालन गर्नु भएको कार्यक्रममा प्रथम आगनबाडी कर्मी सहकर्मीद्वारा सामुहिक गीत प्रस्तुत गरियो भने विविध कार्यक्रमहरू पनि आयोजन गरिएको थियो।

****** ० ******

**राशन घोटालामा ईडीको कारबाही**

राशन घोटालाको जाँचलाई लिएर प्रवर्तन निदेशालय (ईडी) ले फेरि कारबाही तीव्र गरेको छ। आज बिहान कोलकातासहित पश्चिम बंगालका सात विभिन्न ठाउँमा ईडीले छापा मार्‍यो। यसमा शेक्सपियर सरणीए उलुबेरियाए जयनगर र कल्याणी सामेल छन्। खासगरी कल्याणीको एक आदिवासी क्षेत्रमा ईडीको टीमले छापा मार्‍यो। यस कारबाहीमा एक फूड इन्स्पेक्टरको घरको पनि तलाशी लिइयोए जसमा धेरै महत्वपूर्ण दस्तावेज भेटिएको सम्भावना व्यक्त गरिएको छ। ईडीले लामो समयदेखि राशन घोटालाको जाँच गरिरहेको छ। जाँचको शुरूआतमै धेरै ठाउँ छापामारी गरिएको थियो र संदिग्धहरूसित सोधपुछ गरिएको थियो। यस मामिलामा राज्यका पूर्व मन्त्री ज्योतिप्रिय मल्लिकका नजिकको सहोयगी बाकिबुर रहमानलाई पक्राउ गरिएको थियो। पछि ज्योतिप्रिय मल्लिकलाई पनि हिरासतमा लिइएको थियो। पक्रा पर्नेहरूको सूचीमा बनगाउँ नगर पालिकाका पूर्व प्रमुख पनि सामेल छन्। यद्यपिए हालमा बाकिबुर सहित केहीले जमानत पाए किनभने जाँचमा उनीहरू घोटालासित प्रत्यक्ष रूपमा जोड़िएको प्रमाण भेटिएको थिएन। घोटालाको रकमलाई उनीहरूको व्यापारमा प्रयोग गरिएको कुनै ठोस साक्ष्य पनि भेटिएन।

****** ० ******

**आई लव सुम्बुक**

ग्रामीण पर्यटनलाई टेवा पुग्ने प्रमुख उद्देश्यसँगै गाउँको नाम पर्यटन मानचित्रमा हालेर देश विदेशमा पुर्‍याउने प्रमुख उद्देश्यको साथमा दार्जिलिङ पुलबजार खण्डको झेपी ग्राम अधिनस्थ सुम्बुकमा बनिएको श्आई लव सुम्बुकश लेखिएको लेखाचित्रको आज उद्घाटन गरियो।

****** ० ******

**मोबाइल फोनहरु**

सिलगढ़ी थानाको पुलिसले चोरी तथा लुटेका लगभग ३१ वटा मोबाइल फोनहरु जफ्त गरी यसको असली मालिकहरूलाई सुम्पिदियो। सिलगढ़ीका विभिन्न क्षेत्रहरूबाट मोबाइल फोन चोरी तथा लुटेको सिकायत सिलगढ़ी थानामा दर्ता गरिएको थियो। सोही सिकायतको आधारमा जाँचमा जुटेको पुलिसले ३१ वटा मोबाइल फोनहरु जफ्त गर्‍यो। कानूनी प्रक्रियापछि आज जफ्त गरिएका सबै मोबाइलहरूलाई असली मालिकहरूलाई सुम्पिदियो। अर्कोतिर मोबाइल फिर्ता पाएर सबैको अनुहारमा हाँसो फर्कियो। सबैले सिलगढ़ी थानाको पुलिसप्रति आभार प्रकट गरेको जानकारी प्राप्त भएको छ।

****** ० ******